आज मिति २०८०।०१।०३ गते आइतवार दिनको १:०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरूमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

## <u>उपस्थिति</u>

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्दन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री बसन्त न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री दिपेश कुमार काफ्ले | अधिकृत छैठौं (प्रशासन) | |
| २४ | गणेश प्र. भण्डारी | लेखा अधिकृत | |
| २५ | अशोक कुमार भण्डारी | स्वास्थ्य शाखा प्रमुख | |
| २६ | श्री कृष्ण कुमार महतो | कार्यालय सहयोगी | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरू

मिति २०८०।०१।०३

**बैठकका प्रस्तावहरू :**

प्रस्ताव नं.१) आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन कार्यविधि,२०७९ सम्बन्धमा ।

प्रस्ताव नं.२) मिथिलि नगरपालिका स्वास्थ्य संस्था स्थापना,संचालन इजाजत र अनुगमन(मापदण्ड) सम्बन्धी निर्देशिका,२०७९ सम्बन्धमा ।

प्रस्ताव नं.३) ढल्केवर,तुलसी विसम्वरका वाटो निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.४) डि.पि.आर/IEE रिपोट तयारी सम्बन्धमा ।

प्रस्ताव नं.५) मिथिला नगरपालिका क्षेत्र भित्र पर्ने रातु, वडहरी, वसही, औरही, जलाद र जग्दधर नदि तथा खोलाहरूबाट वालुवा, ढुंगा र गिट्टी उत्खनन संकलन र निकासी गर्न IEE सम्बन्धमा ।

**बैठकका निर्णयहरू :**

निर्णय नं.१) प्रस्ताव नं. १ माथि छलफल गर्दा स्वास्थ्य शाखाबाट तयार गरिएको मिथिला नगरपालिकाको आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन कार्यविधि, २०७९ को मस्यौदा बैठकमा पेश भए वमोजिम स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वास्थ्य शाखाबाट तयार गरिउको मिथिला नगरपालिका स्वास्थ्य संस्था स्थापना, संचालन इजाजत र अनुगमन (मापदण्ड) सम्बन्धी निर्देशिका, २०७९ मस्यौदा बैठकमा पेश भए वमोजिम स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिथिला नगरपालिका क्षेत्र भित्र रहेका तपसिल वमोजिमका आयोजनाहरूको प्राविधिक टोल सहितको नगरपालिकाको पदाधिकारीहरूले अध्ययन अनुगमान गरी प्रतिवेदन पेश भएपछि प्रकृया अगाडी वढाउने निर्णय पारित गरियो ।

**तपसिल**

१. ढल्केवर,तुलसी विसम्वरका वाटो निर्माण,

निर्णय नं.४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिथिला नगरपालिका क्षेत्र भित्र रहेका तपसिल वमोजिमका आयोजनाहरूको डि.पि.आर/IEE प्रतिवेदन तयार गर्ने निर्णय पारित गरियो ।

**तपसिल**

१. ढल्केवर रानीवास सडक निर्माण सहितको IEE/डि.पि.आर प्रतिवेदन,
२. ढल्केवर पार्क र पैदल मार्ग निर्माण सहितको सौन्दर्यकरण डि.पि.आर प्रतिवेदन,
३. मिथिला नगरपालिकाको प्रशासकिय भवन निर्माणको लागि IEE/डि.पि.आर प्रतिवेदन,
४. मिथिला नगरपालिका वडा नं. ६ स्थित हलुवाइ समाजको भवन निर्माणको डि.पि.आर प्रतिवेदन,
५. पुष्पवलपुर पुर्वपश्चिम राजमार्ग देखि चमेनिमाई मन्दिरसम्म जाने बाटो निर्माणको डि.पि.आर प्रतिवेदन,

निर्णय नं.५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिथिला नगरपालिका क्षेत्र भित्र पर्ने रातु, वडहरी, वसही, औरही, जलाद र जग्दधर खोलाहरूबाट वालुवा, ढुंगा र गिट्टी उत्खनन संकलन र निकासी गर्न IEE २०८० साल असाढ मसान्त सम्म मात्र रहेको सोको पुन IEE प्रतिवेदन तयार गर्न प्राविधिक प्रतिवेदन लिई प्रकृया अगाडी वढाउने निर्णय पारित गरियो ।